# प्रेस विज्ञप्ती- १४९

# Press Release- 149

लागू औषध नियन्त्रणब्यूरो
Narcotics ControlBureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७२/११/२४गते

## अवैध लागू औषध चरेस सहित विदेशी नागरिक पक्राउ

मिति २०७२।११।२४ गते दिउँसो ११:३० बजेको समयमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल काठमाण्डौबाट टर्किस एयरवेजको उडान नम्बर TK 727 द्वारा ६ बर्ष अघि नेपाली महिला संग विवाह गरी नेपाली कपडा यूरोमा पठाउने कार्य गर्ने ***५२ वर्षिय अष्ट्रिएन नागरिक पासपोर्ट नम्बर P8123183 वाहक ROBERT PUCH*** स्तानबुल हुदै ग्रीसको राजधानी एथेन्स जाने क्रममा निजको साथमा रहेको गितार(Guitar) शंका लागि चेकजाँच गर्दा उक्त गितार भित्र लुकाई छिपाई लैजान लागिएको ***अवैध लागू औषध चरेस ८४० ग्राम*** फेला परेकोले निजलाई पक्राउ गरी लागू औषध नियन्त्रण ब्यूरोबाट अनुसन्धान भई रहेको ।

**पुनश्चः-** यस भन्दा पूर्व मिति २०७२ भाद्र २० गते एअर इंडियाको उडान नम्बर AI216 बाट भारतको दिल्ली हुँदै स्वीटजर ल्याण्डको जुरिच जान लागेका ५३ वर्षिय अष्ट्रिएन नागरिक KLAUSN ANGERHOFER पनि २० बर्ष अघि नेपाली महिला संग विवाह गरी ***अवैध लागू औषध चरेस १ किलो १८० ग्राम*** सहित त्रि.अ.वि.बाट पक्राउ परेका थिए ।

●●●

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com








# प्रेस विज्ञप्ती -१५०
# Press Release -150

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मिति २०७२।१२।१ गते

## प्रमुख फरार अभियुक्त पक्राउ

मिति २०७२।०८।२४ गते १९:०० बजेको समयमा का.जि.का.म.ना.पा. वडा नं.३४ शंखमुलमा पसल गरी बस्ने जि.भक्तपुर मध्यपुर ठिमि न.पा. वडा नं ४ नगदेश घर भएका बर्ष ३२ को राजेश घजुको पसलबाट ***अवैध लागू औषध खैरो हेरोईन*** फेला परी निज राजेश घजुलाई पक्राउ गरी निज उपर मुद्धा दर्ता गरी अनुसन्धान गर्दा बरामद लागू औषध खैरो हेरोईन फरार अभियुक्त जि.बाजुरा जगन्नाथ गा.वि.स.वडा नं.२ घर हुने बर्ष २४ को देवेन्द्र बिष्टले विक्री वितरण गर्न दिएको बयान पक्राउ अभियुक्त राजेश घजुबाट खुल्न आएको साथै अनुसन्धानबाट समेत फरार अभियुक्त देवेन्द्र बिष्टद्वारा बरामद लागू औषध खैरो हेरोईन निज राजेश घजुलाई बिक्रि वितरण गर्नका लागि दिएको पुष्टी हुन आए पश्च्यात फरार रहेका जि.बाजुरा जगन्नाथ गा.वि.स.वडा नं.२ घर भएका प्रमुख फरार अभियुक्त देवेन्द्र बिष्टलाई **खोज तलासको क्रममा** आज मिति २०७२।१२।०१ गते १५:०० बजेको समयमा का.जि.का.म.न.पा. वडा ३२ डिल्ली बजारबाट पक्राउ गरी लागू औषध नियन्त्रण ब्यूरोबाट आवश्यक अनुसन्धान भई रहेको ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com







